**बैठक नं. ९६**

**आज मिति २०८२ कार्तिक १६ गते, आइतबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

## ljifox? M

१. प्रस्तावित ढल सम्बन्धी आवश्यक अध्ययन कार्य दल गठन सम्बन्धमा ।

२. आदर निकेतन सञ्चालनको लागि आवश्यक भ्यान खरिद सम्बन्धमा ।

३. प्रार्विधिक कार्य सम्बन्धी ख्वप कलेज अफ इन्जिनियरिङ्गसंग सम्झौता गर्ने सम्बन्धमा ।

४. नगरपालिकाको राजस्व QR मार्फत संकलन गर्न आवश्यक खाता खोल्ने सम्बन्धमा ।

५. चिस्यान केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा ।

६. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

७. विविध ।

## lg0f{ox? :-

१. यस नगरपालिकाको प्रस्तावित ढल सम्बन्धी अध्ययन गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो :

**कार्यदल**

संयोजक : श्री उकेश कवां, संयोजक, निर्माण समिति

सदस्य : श्री उपेन्द्र सुवाल, वडाअध्यक्ष भनपा ४

सदस्य : श्री गणेशलाल फोजु – कानुन अधिकृत, मुद्दा उपशाखा

सदस्य : श्री श्री कृष्ण न्याईच्याई – योजना ता प्राविधिक शाखा

सदस्य सचिव : श्री विश्वनाथ सुजखु – नक्शा शाखा

२. भ.न.पा. वडा नं. ६, अंचा पोखरीमा सञ्चालन हुने आदर निकेतनको लागि आवश्यक E.V. Van एक वटा खरिद गर्ने निर्णय गरियो ।

३. ख्वप कलेज अफ इन्जिनियरिङ्गसँग भक्तपुर नगरपालिकाको प्राविधिक कार्य गर्ने सम्बन्धी आवश्यक सम्झौता गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकामा समय सापेक्ष राजस्व संकलन कार्यलाई प्रविधि मैत्री र आधुनिक बनाउन हाल जो जसबाट बैंक खाता सञ्चालन भई आएको हो सोही पदाधिकारीहरुको दस्तखतबाटै सञ्चालन हुने गरी वडा नं. १ देखि १० सम्म १० वटा राजस्व खाता र भक्तपुर नगरपालिकामा पार्किङ्ग, व्यवसाय कर, पर्यटन सेवा शुल्क संकलन कार्यलाई समेत प्रयोग हुने गरी प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई र लेखा प्रमुख श्री रामसुन्दर सुजखुको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने गरी दुई वटा राजस्व खाता तथा आवश्यक संख्यामा टर्मिनल बनाउन मिल्ने र तत्काल व्यवस्थापन (Settlement) हुने राजस्व संकलन कार्य QR र Swip बाट पनि संकलन गर्न मिल्ने खाता खोल्न नेपाल बैंक लि. लाई अनुरोध गर्ने निर्णय गरियो ।

५. भक्तपुर नगरपालिकाको चिस्यान केन्द्र सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गर्न भक्तपुर नगरपालिका विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

६. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. वातावरण तथा पर्यटन समिति**

मिति २०८२।७।११ गते बसेको वातावरण तथा पर्यटन समिति निम्न निर्णयहरु अनुमोदन गरियो:

१. फोहर मैला ढुवानी गर्नको लागि २ वटा हेभी ट्रक खरिद प्रक्रिया अगाडि बढाउने ।

२. सरसफाई र फोहरमैला व्यवस्थापनमा कार्यरत कर्मचारीहरु र सफाईकर्मीहरुलाई ३ महिनाको १ पटक नियमित स्वास्थ्य परीक्षण ख्वप अस्पतालमा गराउने व्यवस्था गर्ने र त्यसको लागि कार्ड तयार गर्ने ।

३. घरदैलो फोहर संकलन गर्ने ट्राइसाइकल खरिद गरी स्टोरमा दाखिला गर्ने व्यवस्था मिलाउने ।

**ख. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०८२।७।१३ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति निम्न निर्णयहरु अनुमोदन गरियो:

१. यस नगरपालिकाका एम. आई एस. अपरेटर न्हुज किजुले पेश गरेको सामाजिक सुरक्षा भत्ता वितरण र व्यक्तिगत घटना दर्ता कार्यक्रमको सम्बन्धमा विद्यालय स्तरीय अभिमुखीकरण कार्यक्रम सम्बन्धमा पेश गरेको प्रस्तावनाका सम्बन्धमा छलफल गर्दा उक्त अभिमुखीकरण कार्यक्रम वडा कार्यालयको समन्वयमा कक्षा ९ र

१० का विद्यार्थी, शिक्षकहरु सहभागी हुने गरी सञ्चालन गर्ने, सोका लागि ब्रोसर ५००० को संख्यामा छपाई गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाका विभिन्न पूवाधार निर्माण, मर्मत तथा विकास योजनाहरुको इन्जिनियरिङ्ग डिजाइन, सुपरीवेक्षण, प्राविधिक परामर्श, नक्सा, लागत अनुमान लगायतका कार्य गर्न नगरपालिकाबाट सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ्गबीच समझदारी पत्रमा हस्ताक्षर गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**ग. युवा तथा खेलकुद समिति**

मिति २०८२।७।१२ गते बसेको युवा तथा खेलकुद समिति  निम्न निर्णयहरु अनुमोदन गरियो:

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ कार्तिक १६ गतेदेखि सञ्चालन हुने भक्तपुर नगरभित्रका सामादायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरु (छात्रा) हरुलाई आत्मरक्षा तालिमको लागि आवश्यक व्यवस्था गर्न रु. ३,८०,०००।- (अक्षेरुपी रु. तीन लाख अस्सी हजार रुपैयां) को खर्च विवरण पेश गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८२ कार्तिक १६ गतेदेखि सञ्चालन हुने भक्तपुर नगरभित्रका सामादायिक एवम् संस्थागत विद्यालयका विद्यार्थीहरु (छात्रा) हरुलाई आत्मरक्षा तालिमको लागि आवश्यक व्यवस्था गर्न समितिका सदस्य श्री ज्ञानबहादुर मानन्धरलाई रु. १,५०,०००।- (अक्षेरुपी रु. एक लाख पचास हजार रुपैयां) पेश्की लिन लगाउने निर्णय गरियो ।

**घ. भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन बमोजिम गठित सञ्चालन समिति**

मिति २०८२।७।११ गते बसेको भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन बमोजिम गठिन सञ्चालन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो:

१. मिति २०८२ कार्तिक १ गतदेखि १२ गतेसम्म भक्तपुर नगरपालिकाबाट सञ्चालन भएको ज्येष्ठ नागरिक हेरचाह तालिममा भएको जम्मा खर्च रु. १,८०,०००।- (अक्षेरुपी एक लाख अस्सी हजार रुपैया) सहारा केयर सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

**ङ. अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्यायी समन्वय समिति**

मिति २०८२।६।२७ गते बसेको अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्यायी समन्वय समितिको निम्न निर्णयहरु अनुमोदन गरियो:

१. भ.न.पा. क्षेत्रभित्र सञ्चालित ६ वटा स्वास्थ्य केन्द्रमा अपांगता भएका व्यक्तिहरुका लागि फिजियो थेरापी तालिमको व्यवस्थापन र सञ्चालन गर्न यस समितिका सदस्य डा.रत्नसुन्दर लासिवालाई जिम्मा दिने निर्णय गरियो ।

२. भ.न.पा. ६ निवासी कृष्ण प्रसाद दुवाललाई 'ग' वर्गको अपांगतको कार्ड दिइएकोमा संशोधन गरी 'ख' वर्गको अपांगताको कार्ड दिने निर्णय गरियो ।

३. वडामा परिचालन भएका वडा नर्सहरुलाई भिजियो थेरापी सम्बन्धी आधारभूत तालिम कार्तिक महिनाको दोश्रो हप्तामा सञ्चालन गर्ने र सोको लागि आवश्यक सामाग्री खाजा तथा प्रशिक्षकको लागि पारिश्रमिक व्यवस्था गर्ने ।

च. निर्माण समिति

मिति २०८२/०७/१३ गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | काँलाच्चु खोलामा रिटेनिंग वाल निर्माण कार्य | ४ | खोला नियन्त्रणका लागि रिटेनिंग वाल निर्माण कार्य | ३,२९८,६१२।४० | | | | | | | | |
| २ | भ.न.पा. भवनमा चेन गेट निर्माण कार्य | २ | मर्मत | १७१,१८३।२४ | | | | | | | | |
| ३ | ख्वप टेलिभिजन स्टुडियो भवनमा पाखा मर्मत कार्य | ८ | मर्मत | २५,२६८।८५ | | | | | | | | |
| ४ | देगइना गणेश मन्दिर जिर्णोद्धार कार्य | ९ | नपा | ७३५,६७६।१३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बेखाल ज्याखु पाटी पून: निर्माण कार्य | १० | नपा | २,०३२,९१०।२१ | | | | | | | | |
| ६ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल निर्माण कार्य | ८ | दपतकगलरल्ञ्चयरधयचपक र०३र०८० र८१ | ५,०५३,५९५।२६ | | | | | | | | |
| | | | | | | | | | | | | |
| **ख)** | **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | तमारीदेखि सुकुलढोका र साकोठाको मूल सडक दायाँ बायाँ बाटो मर्मत कार्य | ५ | मर्मत | १,१७५,१३५।२३ | ८६४,५६६।३६ | | | | | | | |
| २ | तकोकिवा(नयाँ बसपार्क)मा बहुउद्देश्यीय भवन निर्माण कार्य | १ | नपा | २८,४९८,७८७।५६ | ३०,२,२०,७५७।१७ | | | | | | | |
| | | | | | | | | | | | | |
| **ग)** | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | नपुखुको पुर्व र उत्तर परिसर ईटा छपाइ कार्य | २ | सडक स्तारोन्नति | १,८२५,१०७।७० | | ६००,०००।०० | १,४९१,१५५।९६ | ८९१,१५५।९६ | १६,९३,५७५।९५ | सम्पन्न | गणेश भक्त खर्बुजा | रू. ८,९१,१५५।९६ भुक्तानी रकम दिन बाँकी |
| २ | तमारीदेखि सुकुलढोका र साकोठाको मूल सडक दायाँ बायाँ बाटो मर्मत कार्य | ५ | मर्मत | ८६४,५६६।३६ | ८६४,५६६।३६ | ३००,०००।०० | ७२१,३५१।४२ | ४२१,३५१।४२ | ७५८,४६१।६१ | सम्पन्न | जयेन्द्र बैद्य | रू. ४,२१,३५१।४२ भुक्तानी रकम दिन बाँकी |
| ३ | विद्युतिय तथा प्लम्बिङ्ग मर्मत कार्य (१।१० वडा) | १।१० | विद्युत/प्लमिबङ | ३६,१८०।०० | | | २४,०००।०० | २४,०००।०० | ३७,९९४।३० | सम्पन्न | अनिल गोठे | |
| | | | | | | | | | | | | |
| **ग)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | बेखाल ज्याखु पाटी पून: निर्माण कार्य | १० | नपा | २,०३२,९१०।२१ | | | उ.स.अ.: श्री उत्तम राजचल<br>अ.स.स.: श्री कृष्णनारायण दुमरू | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | तरकारी बजार पूर्वाधार निर्माणको कार्यालय भवन निर्माण (दोस्रो चरण) | ५ | नपा | १,४४६,४८६।९१ | | | उ.स.अ. : श्री राजाराम त्वानाबासु<br>अ.स.स. : श्री नारायणप्रसाद त्वानाबासु | | |
| ३ | ब्रम्हायणी द्योछेंको दक्षिण तर्फको लिवि जाने गल्लीमा ढल निकास सुधार तथा बाटो मर्मत कार्य | ९ | ढल निकास | १,१६०,४०१।७९ | | | उ.स.अ. : श्री महेन्द्र प्रजापति<br>अ.स.स. : श्री इन्द्र बहादुर प्याथ | | |
| ४ | खंचा पुखु स्वास्थ्य केन्द्र भवन निर्माण कार्य ( अन्तिम चरण) | ७ | नपा | ७,५३५,३२१।६५ | | | उ.स.अ. : श्री राज कुमार बनमाला<br>अ.स.स. : श्री हेरा ख्याजु | | |
| ५ | मंगलतिर्थ स्नानस्थल निर्माण कार्य | ३ | नपा | २,१४५,९८४।३५ | | | उ.स.अ. : श्री मुत्तिराम स्वानेपा<br>अ.स.स. : श्री सुनिता अवाल | | |
| ६ | च्यासीं मण्डप संगैको धुङ्गेधारा मर्मत कार्य | ३ | नपा | ७३१,४१०।२२ | | | उ.स.अ. : श्री विन्दिरा शिलाकार<br>अ.स.स. : श्री सुनिता अवाल | | |
| घ) | **कोटेशन स्वीकृति सम्बन्धमा** | | | | | | | | |
| १ | CCTV प्रणाली मर्मत संभार कार्य : गाईजात्रा रूटमा काष्ठिएका पावर ष्दभच लगतको सामाग्री | २,३,५ | सिसि क्यामेरा जडान तथा मर्मत | ९२,५५६।६७ | — | गाईजात्रा रूटमा काष्ठिएका पावर ष्दभच लगतको सामाग्री मर्मत संभार गर्न प्राप्त भएका तीन वटा काटेशनहरूमध्ये सबभन्दा कम दररेट भ्याट सहित रू. ८२,८१४।२ (अक्षरेपि बयासी हजार आठ सय चौध रूपैयाँ दुई पैसा मात्र) कबोल गर्ने श्री Thapatech Nepal, Kathmandu को दररेट न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो कम्पनीको दरभाउपत्र (कोटेशन) स्वीकृत गर्ने निर्णय गरियो । | | | कोटेशन स्वीकृति गर्ने |
| २ | CCTV surveillance system extend कार्य : (मर्मत उपशाखा बाट स्यानिटेशन उपशाखा) | २ | सिसि क्यामेरा जडान तथा मर्मत | ४९२,११९।७५ | — | CCTV surveillance system extend कार्य : (मर्मत उपशाखा बाट स्यानिटेशन उपशाखा) मर्मत संभार गर्न प्राप्त भएका तीन वटा काटेशनहरूमध्ये सबभन्दा कम दररेट भ्याट सहित रू. ४,५५,३८५।२१ (अक्षरेपि चार लाख पचपन्न हजार तिन सय पचासि रूपैयाँ एकाईस पैसा मात्र) कबोल गर्ने श्री Times Enterprises, Bankhundhol, Lalitpur को दररेट न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सो कम्पनीको दरभाउपत्र (कोटेशन) स्वीकृत गर्ने निर्णय गरियो । | | | कोटेशन स्वीकृति गर्ने |

| | |
|---|---|
| ङ) | **निर्णय स्वीकृति सम्बन्धमा** |
| १ | तारा मा.वि भवन निर्माण कार्य (ठेक्का नं. bktmun/NCB/works/01/082/83/TARA) को लागि ९ वटा बोलपत्रदाताको प्रस्ताव आएको र ९ वटा प्रस्तावहरूको मूल्याङ्कन गर्दा सबै प्रस्तावहरू पूर्ण रूपमा सफल भएको हुंदा सो बोलपत्रहरूको आर्थिक प्रस्ताव खोल्नको लागि सूचना पठाउने निर्णय गरियो । |

| | |
|---|---|
| २ | शित भण्डारण भवनका लागि २०० प्खब ट्रासफर्मर र जनरेटरको आपूर्ति र जडान कार्य (ठेक्का नं. bktmun/NCB/goods/02/082/83)को ३ वटा सप्लायर्सहरूको बोलपत्र मूल्याङ्कन गर्दा श्री R.M.S International Pvt. Ltd., Subhidhanagar, Kathmandu को प्रस्तावित रकम रू ४६,६१,२५०।०० (अक्षेरूपी : छयालिस लाख एकसठ्ठी हजार दुई सय पचास रूपैंया) भ्याट सहितको कवोल अंक सारभुत रूपमा प्रभावग्राही भएको हुँदा स्वीकृतीका लागि सिफारिस गर्ने निर्णय गरियो । |

४. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. भक्तपुर नगरपालिका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८२ को उपदफा २) बमोजिमको पदपूर्ति समिति गठन गर्न देहाय बमोजिम पदपूर्ति समितिका अध्यक्ष नियुक्ति गर्ने निर्णय गरियो :

१. प्रथम श्रेणी (राजपत्रांकित) सेवाबाट सेवा निवृत्त कर्मचारी श्री रामलाल श्रेष्ठ : अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई : सदस्य

३. प्रशासन शाखा प्रमुख श्री दामोदर सुवाल : सदस्य

ख. यस नगरपालिकाको चालू आ.व. २०८२/०८३ का लागि संघीय सरकार राष्ट्रिय योजना आयोगको सःशर्त अनुदान बजेट शीर्षक तथा यस नगरपालिकाको संयुक्त लगानीबाट व्यहोर्ने गरी भ.न.पा.वडा नं. १ तकोकिवा (नयाँ बस पार्क) मा निर्माण हुने 'बहुउद्देश्यीय भवन निर्माण' का लागि तयार गरिएको लागत अनुमान रकम रु. ३,०२,२०,७५७।१७ भएकोमा यसका लागि विनियोजित रकम रु. १ करोड २५ लाख मात्र रहेकोले नपुग रकमको स्रोत सुनिश्चितता गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ग. यस न.पा.को बा १ क ३५५८ नं को गाडीमा विभिन्न सामान मर्मत गरे वापत रु. ४०,६८०।- एस. जी. अटो स्पेर्सलाई भुक्तानी दिने निर्णय गरियो।

घ. यस न.पा. को बा १ क ३५५९ नं. को आवश्यक सामान मर्मत गरे वापत रु. २,६००।- ख्वप टुल्स ट्रेडर्सलाई भुक्तानी दिने निर्णय गरियो।

ङ. यस न.पा. बा १ ग २२६६ नं. को गाडीमा विभिन्न सामान मर्मत गरे वापत रु.६,९३७।- एस. जि. वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो।

च. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु. १९,०४५।- झ छँ नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो।

छ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत जम्मा रु.१,०६,२८३।- दिव्या स्विट्स एण्ड फुड्स्लाई भुक्तानी दिने निर्णय गरियो।

ज. यस न.पा. मा विभिन्न मितिमा आवश्यक फलफूल, दही उपलब्ध गराए वापत रु.२१,२५०। एच. एण्ड एच. जुस पसललाई भुक्तानी दिने निर्णय गरियो।

झ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित प्रेश ईकाईमा छपाई कार्य गर्दा खाना खाए वापत रु.१,६४०-। दिनेश ब. विकलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत जम्मा रु. ४,८००।- यमरी पसः लाई भुक्तानी दिने निर्णय गरियो ।

ट. यस न.पा. मा २०८२ सालको लक्ष्मी पुजा गर्न आवश्यक व्यवस्थापन गर्दाको खर्च जम्मा रु. १४,९०५।- सत्यराम उकललाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाद्यान्न उपलब्ध गराए वापतको जम्मा रु. २१,०५७।- ए. के. किनारन एण्ड भेज सप्लायर्सलाई भुक्तानी दिने निर्णय गरियो ।

ड. यस न.पा.को बा १ ग २९४१ नं. को गाडीमा टायर पंचर टाले वापत रु.११,६००।- ड्राईभर बिक्रम गाईजुलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. यस न.पा. को बा १ क ९१३४ नं. को गाडीमा टायर पंचर टाले वापत रु. ५,०००।- ड्राईभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

ण. यस न.पा. को बा प्र ०१ ००१ ग ४१८३ नं. को गाडीमा टायर पंचर टाले वापत रु. १,०००।- ड्राईभर सम्शेर सुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

त. यस न.पा.को बा ३४ प ८६३० न. को मोटरसाईकल सर्भिसिङ्ग गरे वापत रु.६५७५।- र बा ३४ प ८८२० नं. को मोटरसाईकल मर्मत गरे वापत रु ५,२५०।- गरी जम्मा रु.११,८२५।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी गर्ने निर्णय गरियो ।